नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.वि.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष २९ अंक १८० २०७६ साल फागुन ३ गते शनिबार (16 Feb. 2020 Saturday) मूल्य रु. ५/-

Log on : rajbirajdainik.com.np

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- हुलदङ्गा गर्नेलाई दुई वर्षसम्म कैद र बीस हजार रुपैयासम्म जरिवाना हुने,
- सार्वजनिक स्थानमा आवागमनमा बाधा गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- सार्वजनिक सेवा अवरुद्ध गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- सार्वजनिक शान्ति भङ्ग गर्ने, हुलदंगा गर्ने वा सार्वजनिक सम्बन्धलाई खलल पार्ने नियतले झुठ्ठा अफवाह फैलाउनेलाई एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिवाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : राजपा नेपालका नेताको.. ३ पृष्ठमा : सरकारका दुई वर्ष : मुर्छित सपनाहरु ... ३ पृष्ठमा : पेरुको टचाङ्कर दुर्घटनामा ..

# मुस्लिमहरुको इज्तिमाका लागि ५० हजार भन्दा बढी सहभागी आई पुगे

**दैनिक समाचारदाता**
**राजविराज, २ फागुन ।**

सप्तरीको बोदेबर्साइन नगरपालिका ५ जाँजरमा शनिबारदेखि तीन दिने इस्लामिक धार्मिक कार्यक्रम (इज्तिमा) मा हजारौं मुस्लिम सहभागि आउने क्रम जारि छ ।



नेपाल र भारत बाहेक अन्य मुलुकका मुस्लिमहरुलाई कार्यक्रममा सहभागी नगराईने प्रतिबद्धता आयोजकले जनाएपछि गृहमन्त्रालयले कार्यक्रम गर्ने आदेश दिएको हो ।

यस अघि अघिल्लो दिन विहिबार फागुन ३ देखि ५ सम्म हुने भनिएको सो कार्यक्रममा अन्य मुलुकबाट पनि सहभागी आउन थालेपछि गृह मन्त्रालयले स्थानिय प्रशासन मार्फत कार्यक्रम गर्न रोक लगाउने निर्देशन दिएको थियो ।

यता आयोजक समितिका संयोजक मो. गफुरले कार्यक्रममा नेपाल तथा भारतका मुस्लिम धर्माबलम्बीहरुलाई मात्र आमन्त्रण गरिएकोमा तेस्रो मुलुकका मुस्लिम समुदायहरु आउनुमा आफुहरुको कुनै दोष नरहेको दावी गर्दै नेपाल र भारत बाहेक अन्य मुलुकका मुस्लिमलाई सहभागी नगराईने प्रतिबद्धता जनाएपछि प्रशासनले कार्यक्रम शान्तिपूर्ण ढंगले सम्पन्न गर्न अनुमति प्रदान गरेको जानकारी दिएका छन् ।

धार्मिक कार्यककमा भाग लिन आएका पाहुनाहरुलाई घर भित्र नआउ भन्नै कठिन भएको सुनाउँदै उनले सरकारको दवाव झेल्न नसकि बाध्य भई फिर्ता जान भनेको सुनाए । धार्मिक कार्यक्रम इज्तिमा गर्न सरकारले बातावरण बनाउन सहयोग गर्नुको सट्टा अनावश्यक तनाव दिएको उनको भनाई छ ।

यता प्रमुख जिल्ला अधिकारी सुनिल खनालले कार्यक्रममा नेपाल र भारतका मुस्लिम मात्र उपस्थित हुने भनिएपनि अन्य मुलुकबाट समेत सहभागी आउन थालेपछि कार्यक्रम रोक्न गृह मन्त्रालयबाट

*बाँकी तीन पृष्ठमा*

# जन्मदिन मनाउने खर्च जोगाएर असायलाई सहयोग




**दैनिक समाचारदाता**
**राजविराज, २ फागुन ।**

राजविराज वडा नं. ३ निवासी अमल दासले आफ्नो जन्मदिनको अवसरमा गरिब तथा असाय बालबालिकालाई शुक्रबार सहयोग गरेका छन ।

*बाँकी दुई पृष्ठमा*

## बुध्द एयरको दैनिक उडान अब राजविराजबाट पनि यही माघ १८, फेब्रअरी १ देखि




बुध्द एयरको वेवसाईट buddhaair.com तथा मोबाईल एपबाट उडानको समय, तालिका, भाडादर हेर्न र सजिलैसँग टिकट खरिद गर्न सकिन्छ ।

**थप जानकारीका लागि**

**गजेन्द्र नारायण सिंह अस्पतालको दक्षिण गेट अगाडी, राजविराज**

**फोन नं. : 031-522408/09**

# निजि विद्यालयहरुको छाता संगठनहरुले कार्यगत एकता गर्नुपर्नेमा जोड



**दैनिक समाचारदाता**
**राजविराज, २ फागुन ।**

सम्पूर्ण संस्थागत विद्यालयहरु व्यवस्थित रुपमा चलाउनु पर्ने कुरामा शुक्रबार आयोजित एक कार्यक्रमका वक्ताहरुले जोड दिएका छन् ।


एनप्यावशन सप्तरीको छौठो जिल्ला अधिवेशनको शुक्रबार आयोजित उद्घाटन सत्रमा वक्ताहरुले बोल्दै सो कुरामा जोड दिएका हुन् ।

वक्ताहरुले सरकारले ल्याउन लागेको शिक्षा नीतिका कारण भविष्यमा सानातिना संस्थागत विद्यालयहरुको अस्तित्व नरहने भन्दै अहिलेदेखी नै ती विद्यालयहरु व्यवस्थित रुपमा संचालन गर्नुपर्ने आवश्यकता रहेको औल्याए ।

कार्यक्रममा वक्ताहरुले प्रदेश स्तरिय संस्थागत विद्यालयहरुको गोष्ठी संचालन गरेर सबैको समस्याको निराकरण गर्नेतर्फ नेतृत्व पंक्तिले ध्यान दिनुपर्नेमा जोड समेत दिएका छन् । एनप्यावशन, प्यावशन, नेपाल प्यावशन लगायतका सबै संस्थाहरुले अबको दिनमा कार्यगत एकता गर्नुपर्ने बाहेकको विकल्प नरहेको समेतमा जोड दिए ।

एनप्यावशनका केन्द्रिय अध्यक्ष ऋतुराज सापकोटाको प्रमुख आतिथ्य तथा सप्तरीका अध्यक्ष बौकु साहको अध्यक्षतामा आयोजित उद्घाटन समारोहमा केन्द्रिय कोषाध्यक्ष प्रताप थापा, केन्द्रिय सल्लाहकार पाण्डव ठकुरी, प्रदेश संयोजक जयप्रकाश चौधरी, सिरहा अध्यक्ष प्रदीप कुमार तिवारी, उदयपुरका अध्यक्ष सुमन कुमार चौधरी, धनुषाका अध्यक्ष अवधेश तिवारी, नेपाल शिक्षक महासंघ सप्तरीका अध्यक्ष दिनेश प्रसाद यादव, पत्रकार महासंघ सप्तरीका पूर्व अध्यक्ष धिरेन्द्र प्रसाद साहलगायतका वक्ताहरुले अधिवेशन सफलताको शुभकामना व्यक्त गरेका थिए ।

सोही कार्यक्रममा आमन्त्रित अतिथिहरुलाई मायाको चिनो प्रदान गरि सम्मान समेत गरेको थियो ।




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाईल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit | WESTERN UNION MONEY TRANSFER | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money | Best Remit | City Express | IME pay | MoneyGram money transfer

## सम्पादकीय ....

### ईट ढुङ्गाले नापतौल रोकिएन्

अहिले पनि तरकारी बजारमा परम्परागत ईट, ढुङ्गाका ढकबाट तौल गर्ने चलन रहेको छ। आधुनिक युगमा पनि नाप तौल गर्न विभिन्न विद्युतिय उपकरणहरु उपलब्ध हुँदा समेत सप्तरीका विभिन्न पसल तथा तरकारी विक्रेताहरुले अझै ईट, ढुँगाकै ढक बनाएर नापतौल गर्ने गरेको पाइन्छ। ढुङ्गाको ढकले सामानहरुको नापतौल हुँदा उपभोक्ताहरु ठगिदै आएका छन् । ढुँगाले बनाइएको ढक सही हो या होइन् यसको जाँच समेत हुन सकेको छैन् । खासगरी तरकारी, माछा, मासु सहितका बिभिन्न दैनिक उपभोग्य सामग्रीहरु धेरै ठाउँमा अहिले पनि ढुँगाकै ढकले नापतौल हुँदै आएको छ ।

ग्रामिण भेगमा यस्तो किसिमको प्रथा यथावत नै रहेपन सदरमुकाम राजविराजका पनि धेरै ठाउँमा सही ढकको प्रयोग हुन सकिरहेको छैन् बदलिंदो परिवेशसँगै उपभोक्ताहरु धेरै व्यस्त हुने गरेका कारण यसप्रति त्यत्त ध्यान जान नसकेको हुन्छ। सबैलाई हतारमा सामग्री चाहिने भएका कारण उपभोक्ताहरु जुन ढकले नापतौल गरेर दिएपनि लिएर गइरहेको अवस्था छ। तसर्थ यसप्रति सम्बन्धीत निकायहरुको ध्यान जानु आवश्यक छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
कन्सलटेन्ट एनास्थेसियोलोजिष्ट
आइसियु स्पेस्लिष्ट र पेन फिजिसिएन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# राजपा नेपालका नेताको दिल्ली यात्रा



**"प्रदेश २ का सरकार परिवर्तनको सँगै केन्द्रीय सरकारमा राजपाको सहभागिता हुने चर्चा परिचर्चाको अवस्थामा राजपाका शिर्ष नेता राजेन्द्र महतो र शरदसिंह भण्डारी लगायत नेताहरु दिल्ली दरबारमा पुगेको चर्चा रहेको छ। यसै सन्दर्भमा नेपालका राजनीतिमा नेकपाका नेता तथा प्रधानमन्त्री केपी ओली अहिले भारतसँग फेरी सम्बन्ध बनाउन सफल भईरहेको अवस्थामा राजपालाई दिल्ली दरवारको निर्देशन निर्देशित हुने अडकलवाजीहरु भईरहेको सन्दर्भमा राजपा नेताहरुको दिल्ली यात्रा अहिले चासोको विषय बनेका छन् ।"**

**अमरनाथ मण्डल**

मधेश आन्दोलनको जनादेश अनुसार मधेशको हक अधिकार सुनिश्चित गर्ने अभिभारा राजपा र तत्कालिन फोरम पार्टी र हाल समाजवादी पार्टी जिम्मा मधेशी जनताहरु तथा मधेश आन्दोलनले निर्देशित गरेका अवस्थामा स्थानीय सरकार, प्रदेश सरकार तथा संघीय सरकारमा अपार मतको साथ मधेशका जनताले जनमत प्रदान गरेका छन् भने मधेश आन्दोलनका मुल भावना र उद्देश्य संविधान संशोधन लगायत विभेदमा परेका जाति र वर्गहरुको अधिकार प्राप्तिको दिशानिर्देश आन्दोलनले प्रदान गरेको अवस्थामा त्यस अनुरुप सामाजवादी र राजपाको समीकरण मधेशमा मधेशको अधिकारको लागि एकरुपताको साथ अगाडि बढाउनु पर्ने अवधारणाको साथ मधेशी दलहरुलाई मधेशी जनताले जनादेश दिएका थिए। हालसम्म राजपा र समाजवादीको प्रदेश नं २ मा सरकार रहेको र सो सरकार मधेश आन्दोलनको मर्म र भावना अनुसार गठन भएको सन्दर्भमा अहिले समाजवादीका अध्यक्ष उपेन्द्र यादवले नेकपाको सरकारमा हतारमा सहभागिता भई गरेका भुलहरु आफ्नै ठाउँमा मधेशी जनताको मर्म र भावना अनुरुप सार्थक नरहेको त्यसबेला चर्चा र परिचर्चाको शिखरबिन्दुमा पुगेका थिए भने संविधान संशोधन संशोधनको नाउँमा उपेन्द्र जीको सरकारमा सहभागिता हुनु अहिले घातक सिद्ध भएका उहाँ आफु पनि महशुस गरिरहेका सन्दर्भमा राष्ट्रिय सभाका निर्वाचनमा राजपाले नेकपासँग दुई बुँदे सहमति पनि मधेश आन्दोलनको मर्म विपरीत रहेको मधेशी जनता माझ चर्चाको शिखरबिन्दूमा पुगेको अवस्थामा अब राजनैतिक विशलेषकहरुको अनुमान अनुसार राजपाले संघीय सरकारमा सहागिता हुने चर्चा परिचर्चाको बीच तर्कहरु अघि सारेका छन् । यसैक्रममा प्रदेश २ का सरकार नेकपा र राजपाको गठबन्धनबाट बन्ने अनुमानहरु आफ्नो ठाउँहरुबाट गरिरहेको छ। तर अहिलेको परिस्थितिमा यस्तो परिस्थितिको निर्माण भयो भने मधेश आन्दोलन विपरीत हुने ठहर मधेशी जनताहरुले गरिरहेका छन् ।

प्रदेश २ का सरकार परिवर्तनको सँगै केन्द्रीय सरकारमा राजपाको सहभागिता हुने चर्चा परिचर्चाको अवस्थामा राजपाका शिर्ष नेता राजेन्द्र महतो र शरदसिंह भण्डारी लगायत नेताहरु दिल्ली दरबारमा पुगेको चर्चा रहेको छ। यसै सन्दर्भमा नेपालका राजनीतिमा नेकपाका नेता तथा प्रधानमन्त्री केपी ओली अहिले भारतसँग फेरी सम्बन्ध बनाउन सफल भईरहेको अवस्थामा राजपालाई दिल्ली दरवारको निर्देशन निर्देशित हुने अडकलवाजीहरु भईरहेको सन्दर्भमा राजपा नेताहरुको दिल्ली यात्रा अहिले चासोको विषय बनेका छन् ।

यता केही संचारमाध्यमहरुमा राजपाका प्रदेश २ का संसदीय दलका नेता तथा मन्त्री जितेन्द्र सोनल र राजपाका महासचिव मनिष समुनलाई मुख्यमन्त्री पदमा नेकपासँग साँठगाठ गरी यी दुई नाउँ मुख्यमन्त्रीको लागि चर्चा चलिरहेको अवस्थामा राजपाको अधिकारिकता निर्णय तथा कुनै किसिमको प्रतिक्रिया नआएको सन्दर्भमा यस्ता कुराहरुमा चर्चा लिनु चर्चाको सत्यतामा बल रहेको अनुमान गरिरहेका छन् । नेकपाले पहिले समाजवादीलाई सरकारमा सहभागिता गराई पछि सरकारबाट बाहिर मन्त्री पद विस्तार गरी कानून मन्त्रीमा उपेन्द्रजीलाई बहाल गरी सरकार छोडन संकेत गरेको तथा पछि राष्ट्रिय सभामा राजपासँग साँठगाठ गरी निर्वाचन क्रममा सहमतिको विन्दुमा गई निर्वाचन लडेको र जितेको अवस्थामा राजपालाई सरकारमा सहभागिता गराउने चाल रहेको अनुमानको साथ अगामी दिनमा राजपालाई पनि समाजवादी जस्तो अवस्थामा पुगाई मधेशी जनता समक्ष मधेश एजेन्डाको सम्मान राजपा र समाजवादीले नगरेको देखाउँन खोजेको मधेशी बुद्धिजीविको तर्क रहेको छ। वर्तमान परिस्थितिमा कुनै पनि देशमा कुनै अधिकारको लडाईको लागि धैर्यता र लगनशिलताको सिद्धान्तलाई पालन गरी विभेदिकरण तथा विभेदमा परेका जातजातिका लडाईहरु दक्षिण अफ्रिकाका उदाहरण हाम्रो सामु छ ।

दक्षिण अफ्रिकाका नेता नेनशल मण्डेलाले ६० वर्षसम्म कुनै सत्ता मोहमा नपरी विभेदको लडाई लडेको इतिहासले देखाएका छन् भने भारतका स्वतन्त्रता संग्राममा महात्मा गाँधीले अंग्रेजहरुलाई भारत छोड्न ठुलो आन्दोलनको शुरुवात गरी आन्दोलनको विसर्जनसम्म तथा अधिकार प्राप्तिसम्म कुनै पनि सम्झौता अंग्रेजहरुसँग नगरेको इतिहासिक प्रमाणहरु हाम्रो सामु बितिदै रहेको अवस्थामा अधिकारी प्राप्ति तथा संघर्षहरुको लडाईमा सत्ता मोह, कुर्सि मोहहरुलाई कुनै पनि स्थानको ग्राहयता हुदैन । हाम्रै देशमा राणा शासन, पंचायती शासनका अन्तका लागि वर्षौ वर्षदेखि लडेका लडाईहरुमा कुनै पनि सहमतिको आधारहरुबाट आन्दोलनकारीहरु शासकवर्गको सत्तामा सहभागिता देखिएको छैन । तसर्थ मधेश, मधेश आन्दोलन, मधेश विद्रोह भइरहेको सन्दर्भमा शासकवर्गहरुबाट समय समयमा गरिएका सहमतिहरुको कार्यान्वयन शासकहरुबाट पालना नभएको अवस्थामा भर्खरै सम्पन्न भएका ६ महिनासम्म चलेका महान मधेश आन्दोलनमा सयौं शहिदको शहादत तथा वलिदानी हजारौ लडाकु आन्दोलनकारीहरुको घाइते हुनु र सयौंभन्दा बढी आन्दोलनकारीहरुले केही जेलमा बसी केही मुद्दा खेपिरहेको अवस्थामा मधेशका, मधेशी जनताका आस्थाका केन्द्र रहेका मधेशी पार्टीहरुको सत्ता मोह र पदलुप्तताको कारण मधेशी जनताहरुले मधेशमा निराशको वातावरण छाएको छ भने सधैं कुनै पनि सम्झौताको कार्यान्वयन नगर्ने सरकार र शासक वर्ग विरोध फेरी आन्दोलन नहुने भन्न नसक्ने अवस्था रहेको सन्दर्भमा आन्दोलनकारीहरु मधेशी पार्टीहरु यसरी जालझेल सत्ता मोहमा फस्नु मधेशको हितमा कहिले पनि सार्थक सिद्ध नहुने विश्वास गरिन्छ ।

नागरिकता समस्या, आरक्षण समस्या लगायतका कतिपय समस्याहरु समाधानको पर्खाइमा अहिले पनि रहेको अवस्थामा यस्तो जटिलताको परिस्थितिबाट मधेशी दलहरु आफ्नो पार्टी नितीलाई संचालन गर्नु निर्देशित गर्नु मधेशको हितको लागि सार्थक सिद्ध नहुने विश्वास गरिन्छ। मधेशी नेताहरु दिल्ली यात्रा मधेश आन्दोलनको पक्षमा होस् तथा मधेशका यी दुई पार्टीहरुको बीच दिल्ली भ्रमणले सार्थक सिद्ध गरोस् नत्र यी दुवै पार्टीको बीच फुटले गर्दा मधेशका आन्दोलन र अधिकारहरुको लडाई पूर्ण रुपमा प्रभावित हुने निश्चित देखिन्छ ।

# प्रजनन स्वास्थ्य अधिकारसम्बन्धी नियमावली ल्याउन माग

काठमाडौँ, २ फागुन (रासस) ।

सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ जारी भएको डेढ वर्ष बितिसक्दा पनि नियमावली नबन्दा ऐन कार्यान्वयनमा आउन नसकेकामा सरोकार निकायले ध्यानाकर्षण गराएका छन् ।

महिला, कानून र विकास मञ्चले बिहीबार यहाँ आयोजना गरेको कार्यक्रममा नियमावली नबन्दा संविधान बनेको तीन वर्षमा कानून बनाइसक्नुपर्ने संवैधानिक प्रावधानसमेत कार्यान्वयन नभएको जानकारी गराइयो । ऐन विसं २०७५ असोज २ गते दुवै सदनबाट पारित भएको थियो ।

कार्यक्रममा स्वास्थ्य तथा जनसङ्ख्या राज्यमन्त्री नवराज राउतले नियमावली बनाउन कहींकतै समस्या भए त्यसको समाधान गरिने बताउनुभयो । संविधान कार्यान्वयनका लागि धेरै कानून सरकारले बनाइसकेको उहाँको दाबी थियो ।

स्वास्थ्य सेवा विभाग परिवार कल्याण महाशाखाका निर्देशक डा भीमसिंह तिङ्करिले नियमावलीको मस्यौदा भइरहेको जानकारी दिनुभयो । मञ्चका कार्यकारी निर्देशक सविन श्रेष्ठले ऐनअनुसार नियमावली नबनाउँदा संविधानको धारा ४७ को स्वास्थ्यसम्बन्धी मौलिक हक पाउनबाट जनता वञ्चित रहेको बताउनुभयो ।

नियमावली निर्माण गरी कार्यान्वयनका लागि सरोकार भएका निकायलाई दबाब दिन प्रजनन स्वास्थ्य अधिकार कार्य समूहसमेत गठन भएको सो अवसरमा जानकारी गराइएको थियो । समूहले नियमावली बनेपछि कार्यान्वयनका लागि गृहकार्यसमेत शुरु गरिएको मञ्चले जनाएको छ ।

## जन्मदिन ...

जन्मदिन मनाउनका लागि खर्च हुने रकम जोगाई ती असाय तथा गरिब बालबालिकालाई उनले विभिन्न सामानहरु प्रदान गरेर सहयोग गरेका हुन् ।

दासले राजविराजकै बालेश्वरी मन्दिर नजिक रहेका असहाय बालबालिकाहरुलाई हाफ पेन्ट, भेष्ट, पढ्नका लागि किताव, कापी, डटपेन तथा बिस्कुट र चकलेट प्रदान गरेको उनका भाई शिवराज दासले जानकारी दिए ।

राजविराजस्थित सिद्धार्थ बैकमा कार्यरत दासले आफ्नौ २६ औ जन्मदिनको अवसरमा यस बर्ष गरिब तथा असाय बालबालिकालाई नै सहयोग गर्ने बिचार गरे अनुसार सहयोग गरेको उनले बताए ।

जन्मदिनको अवसरमा फजुल खर्च गर्नु भन्दा यसरी नै गरिव तथा असहायलाई सहयोग गरेर मानविय कार्य गर्न सबैलाई उनले आग्रह समेत गरे ।

# लागुऔषधसहित चार पक्राउ

**दैनिक समाचारदाता**
**सर्लाही, २ फागुन ।**

सर्लाहीको ईश्वरपुरबाट प्रहरीले ठूलो परिमाणमा लागुऔषध बरामद गर्नुका साथै चार जनालाई पक्राउ गरेको छ ।

ईश्वरपुर नगरपालिका १३ श्रीनगरबाट अवैध लागुऔषध नाइट्रोभ्याट १० लेखिएको ३०० टच्याब्लेट, स्पास्मो १४४ टच्याब्लेट र एक्सप्लोन सिरफ पाँच हजार १०० मिलीलिटर बरामद गरेको इलाका प्रहरी कार्यलय केशरगञ्ज बयलवासले जनाएको छ ।

पक्राउ पर्नेमा महोत्तरीको बर्दिबास नगरपालिका-२ का २० वर्षका खगेन्द्र महतो, बर्दिबास-३ का २० वर्षका सुजित मगर, बर्दिबास-१ का २२ वर्षका सरोज बलम्पाकी मगर र बर्दिबास-१४ का ३१ वर्षका दिलबहादुर मगर रहेका छन् ।

पक्राउ परेका युवाले प्रयोग गरेको बा३९प ६०३ र ज८प ५४२१ नं. का दुई मोटरसाइकलसहित ६ थान मोबाइलसमेत बरामद गरिएको प्रहरीले जनाएको छ ।

# सरकारका दुई वर्ष : मुर्छित सपनाहरु यथार्थमा रुपान्तरित हुँदै

काठमाडौं, २ फागुन (रासस) ।

सशस्त्र द्वन्द्व र राजनीतिक अस्थिरताको चक्रमा फसेको समयमा पनि नेपालमा विकास र समृद्धिका सपनाहरु देखाइएका थिए । ती सपनाले कहिले साकाररुप पाउने भन्ने कुनै सुनिश्चितता थिएन । निरन्तर हत्या, हिंसा र छिटोछिटो सरकार परिवर्तनको खेलले विकास निर्माणबारे नेताहरुका भाषण व्यवहारमा रुपान्तरित हुन सकेका थिएनन् भने विश्व परिवेशमा नेपालको परिचय अविकसित र द्वन्द्वग्रस्त मुलुकका रुपमा हुन थालेको थियो ।

जनआन्दोलन र जनयुद्धको जगमा जननिर्वाचित संविधानसभाबाट सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान जारी भएसँगै राजनीतिक स्थिरताको चरण आरम्भ भएको हो । पछिल्ला समयमा मुलुकको आर्थिक विकास र सुशासनका परिसूचकहरुमा क्रमशः सुधारका साथै जनताले अनुभूत गर्न सक्ने गरी विकास निर्माणका क्रमको थालनी भएको छ ।

“सरकारले दुई वर्षको अवधिमा के के राम्रो काम गऱ्यो, जनता सुन्न आतुर छन् ।” नेपाल सरकारको नियमित पत्रकार सम्मेलनमा एक पत्रकारको प्रश्नको जवाफमा सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुलप्रसाद बाँस्कोटाले भन्नुभयो, “सरकारले नराम्रो काम एउटा पनि गरेको छैन । सबै राम्रो गरेको छ । नराम्रो भयो भनेर देख्ने आँखा र लेख्ने हातहरुमा प्रश्न उब्जन सक्छ । विधिको शासन बलियो बनाउनेदेखि आकाश पाताल सबैतिर विकासमा हात हालेका छौं ।”

प्रधानमन्त्री केपी शर्मा ओलीले सरकार गठनको दुई वर्ष पुगेको अवसरमा शुक्रबार देशवासीका नाममा सम्बोधन गरी यसबीचका उपलब्धिबारे अवगत गराउने उल्लेख गर्दै मन्त्री बाँस्कोटाले भन्नुभयो, “अहिलेलाई यति भनौं मूर्छित सपनाहरु जीवनको यथार्थमा रुपान्तरित हुँदै छन् । जनतालाई जे जे गर्छु भनेका थियौं, त्यो गरेका छौं ।”

प्रधानमन्त्रीका प्रेस सल्लाहकार सूर्य थापाका विचारमा सरकारले दुई वर्षमा विकासको आधार तय गरेको थियो भने अहिले विकासको गति पक्रेको छ । वामगठबन्धनले २०७४ सालको निर्वाचनमा बहुमत ल्याएपछि सोही वर्ष नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का अध्यक्ष ओली २०७४ फागुन ३ गते दोस्रो पटक प्रधानमन्त्री बन्नुभएको हो । राससससँग कुरा गर्दै थापाले भन्नुभयो, “काम भएको र नभएको विश्लेषण वस्तुपरक हुनुपर्छ । अहिले जति उपलब्धि भएका छन् । जनतामा निराशा छर्नुहुन्न । विगतमा यति अवधिमा यस्ता उपलब्धि भएकै थिएनन् । भएका कामलाई सरकार र पार्टीका संयन्त्रबाट जनतामा लान नसकिएको मात्रै हो ।”

दुई वर्षको बीचमा सरकारले नेपालका सूचाङ्कमा उल्लेखनीय प्रगति हासिल गरेको छ । विश्व बैंकको व्यवसायसम्बन्धी सूचकाङ्क (डुइङ बिजनेश इन्डेक्स) ले नेपालको व्यावसायिक वातावरणमा उल्लेख्य सुधार भएको देखाएको छ । गत वर्ष ११० औं स्थानमा रहेको नेपाल यस वर्ष ९४ औं स्थानमा उठेको छ । यो एक वर्षमा नेपाल १६ स्थान अगाडि रहेको छ ।

संयुक्त राष्ट्रसङ्घीय मानव विकास प्रतिवेदनले सार्वजनिक गरेको मानव विकास सूचकाङ्कमा नेपाल १४९ औं बाट १४७ औं स्थानमा अथवा दुई स्थान सुधिएको छ । विश्व भोकमरी सूचकाङ्कमा अहिले नेपालको स्थिति सुधिएको छ र यो ७३ औं स्थान (२०.८ प्राप्ताङ्कसहित) मा रहेको छ । यसले सरकारले भोकमरी समाधान गर्न लागि परेको देखाएको छ ।

विश्व शान्ति सूचक (ग्लोबल पीस इन्डेक्स)मा नेपालले यस वर्ष १२ विन्दुले सुधार गरेको देखिएको छ । कूल १६५ देशमध्ये नेपाल ७६ औं स्थानमा आइपुगेको छ । सरकारले मुलुकको शान्ति सुरक्षामा गरेको कामले १२ विन्दुले सुधार आएको हो ।

विधिको शासनको सूचकमा नेपाल दुई स्थान माथि उठेको छ । गत वर्षभन्दा यस वर्ष क्रमशः यो माथि जाँदै छ । विश्वका १२६ देशहरूमध्ये नेपाल ५९ औं स्थानमा रहेको छ । भ्रष्टाचार नियन्त्रण र पारदर्शितासम्बन्धी सूचकाङ्कमा नेपाल ११ औं स्थान माथि चढेको छ । गत वर्ष १२४ औं स्थान रहेकोमा यस वर्ष ११३ औं स्थानमा पुगेको छ । विश्वव्यापी खुशी मापन सूचक नेपाल अहिले तीन स्थान माथि उठ्न सकेको छ ।

आर्थिक-सामाजिक कार्यसम्पादन र संस्थागत मूल्याङ्कनसम्बन्धी विश्व सूचकमा मुलुक एक तह (३.४ बाट ३.५) माथि उठेको छ । विश्व प्रतिस्पर्धासम्बन्धी सूचकमा पनि एक स्थान (१०९ औं बाट १०८ स्थान) माथि उठेको छ । लैङ्गिक समानताको विश्व सूचकमा गत वर्षभन्दा एक स्थान माथि उठेको छ । विश्व भ्रमण तथा पर्यटनसम्बन्धी सूचकमा टुरिजम कम्पिटेटिभ इन्डेक्समा मुलुक गत वर्षको भन्दा एक स्थान माथि उठेको छ ।

गणतन्त्र स्थापना पछिको एक दशकमा लगातार चार प्रतिशतको आर्थिक वृद्धिदर रहेकोमा यस आर्थिक वर्षमा ८.५ प्रतिशत लक्ष्य लिएको छ । विगत तीन वर्षयता ६.५ प्रतिशतभन्दा माथिको आर्थिक वृद्धि हासिल गरेको सरकारले गत वर्ष ७.१ प्रतिशतको आर्थिक वृद्धिदर गरेको थियो ।

गत डिसेम्बर २०१९ मा बेलायतबाट प्रकाशित द इकोनोमिस्ट पत्रिकाले नेपाललाई उच्च आर्थिक वृद्धिदर हासिल गर्ने संसारका दश अग्रणी मुलुकभित्र समावेश गरेको छ । उच्च आर्थिक वृद्धि गरेका दश मुलुकमध्ये एक नेपाल रहेको छ । अहिलेको सरकारको गठनपछि लगातार दुई वर्षमा गरेको लगानी सम्मेलनले वैदेशिक लगानीको प्रतिबद्धता १३२.५ प्रतिशतले बढेको सरकारले जनाएको छ ।

विदेशी लगानीकर्तालाई सरकारले एकल विन्दु सेवा केन्द्रको स्थापना गरेर सुविधा उपलब्ध गराउन थालेका छ । अध्यागमन, नेपाल राष्ट्र बैंक, वन तथा वातावरण, भूमि, राजस्व र श्रमसम्बन्धी निकायबाट प्रदान हुने सेवा र लगानीकर्ता सहजीकरण केन्द्र सञ्चालन गरी लगानीकर्तालाई विशेष सहज अवस्थाको सिर्जना गरिएको छ ।

**आयात घट्यो, निर्यात बढ्यो**

सरकारले यो दुई वर्षमा अन्तर्राष्ट्रिय व्यापार घाटामा कमी ल्याएको छ । पछिल्लो एक दशकमा वार्षिक औसत २०.४ प्रतिशतले बढेको व्यापार घाटा चालु आर्थिक वर्षको पहिलो छ महिनामा अघिल्लो वर्षको सोही अवधिको तुलनामा ६.३ प्रतिशतले घटेको सरकारले जनाएको छ ।

व्यापार घाटा न्यूनीकरण कार्ययोजनाको कार्यान्वयन आन्तरिक उत्पादन बढाई वितरण प्रणालीमा गरिएको सुधार र उपयोग नगर्दा पनि हुने वस्तु एवं जनस्वास्थ्यमा हानी पुऱ्याउने वस्तुको आयातमा गरिएको कडाइका कारण यस अवधिमा आयात ४.३ प्रतिशतले घटेको हो भने निर्यात २७ प्रतिशतले वृद्धि भएको छ ।

सरकारले आयात घटाउने र निर्यात वृद्धि गरेको छ । निर्यात २७ प्रतिशतले वृद्धि भएको छ भने आयात ४.३ प्रतिशतले घटेको छ । मुलुकको व्यापारमा विविधिकरण सरकारले ल्याएको छ । पहिले भारतबाट ६८ प्रतिशत र अरु देशबाट ३२ प्रतिशत मात्रै हुन्थ्यो भने अहिले ४० प्रतिशतभन्दा बढी अरु देशतिर र ६० प्रतिशत भारतबाट हुने गरी सकारात्मक सुधार ल्याएको छ ।

भुक्तानी सन्तुलन ६७ अर्ब ४० करोड घाटामा रहेकोमा यस वर्ष २७ अर्ब २९ करोडले बचतको स्थितिमा रहेको छ । सरकारले स्वास्थ्य बीमा कार्यक्रम ४९ जिल्लाका ४८० स्थानीय तहमा विस्तार गरेर २५ लाख नागरिकको स्वास्थ्य बीमा सरकारले सर्वसाधारणलाई उपलब्ध गराएको छ । अघिल्लो सरकारले गर्न नसकेको कार्य श्रमिकको न्यूनतम पारिश्रमिक ३९ प्रतिशतले वृद्धि गरिएको छ ।

यसै आवमा सरकारले कर्मचारीको पारिश्रमिक २० प्रतिशत र १८ प्रतिशतले वृद्धि गरेको छ । युवा तथा साना व्यवसायी स्वरोजगार कोषमार्फत् २७ हजार ४२० लाई सरकारले स्वरोजगार बनाएको छ । बितेको दुई वर्षको अवधिमा उपत्यकाबाट मात्रै एक हजार २०० सडक बालबालिकाको उद्धार सरकारले गरेको छ । काठमाडौंका विभिन्न स्थानबाट २६९ बेसहारा व्यक्तिको उद्धार तथा पुनःस्थापना गरेको छ । सरकारले सरदर नौ दिनमा एउटा ऐन संसद्बाट पारित गरेको छ । सङ्घीय सरकारले स्थानीय र प्रदेश तहमा १८ वटा नमूना कानून बनाएर उपलब्ध गराएको छ ।

सरकारले ७७ जिल्लामा फोरजी सेवा सञ्चालन गरेको छ । डिजिटल नेपाल फ्रेमवर्क कार्यान्वयनमा ल्याइएको छ । यसै आवदेखि प्रदेश र स्थानीय तहलाई गत वर्षको तुलनामा यस आवमा रु दुई अर्ब ४० करोडसमेत थप गरी रु तीन खर्ब ४१ अर्ब २९ करोड थप गरेको छ ।

प्रदेश र स्थानीय तहलाई अतिरिक्त स्रोतका रुपमा रोयल्टी बाँडफाँटअन्तर्गत रु दुई अर्ब ४६ करोड ८० लाख हस्तान्तरण गरिएको छ । ७५३ स्थानीय तहमध्ये अब आठ स्थानीय तहबाहेक ७४५ सबै स्थानीय तहमा बैंकका शाखा सरकारले पुऱ्याइएको छ ।

**सामाजिक र निर्माणका काम**

प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत सानाठुला आयोजना तथा कार्यक्रमबाट करिब २२ लाख श्रम दिन बराबरको रोजगारी सिर्जना सरकारले गरेको छ । यसरी रोजगारीमा संलग्न व्यक्तिको सङ्ख्या एक लाख ८५ हजार रहेको छ ।

यसैगरी सरकारले सङ्घीय संसद् भवन सिंहदरबारभित्र बनाउन थालेको छ । भवन अभावका कारणले वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा संसद् भवन भाडामा सञ्चालन गर्नुपर्ने अवस्थाको अन्त्य गर्न सरकारले आफैं संसद् भवन बनाउन थालेको हो । उक्त भवन तीन वर्षमा सक्ने गरी निर्माण प्रारम्भ सरकारले गरेको छ ।

यसैगरी ललितपुरको गोदावरीमा तीन हजार क्षमताको सभाहल आगामी चैतभित्र सक्ने गरी कामसमेत सरकारले गरेको छ । प्रधानमन्त्री निवास, प्रदेश प्रमुख र मुख्य मन्त्रीहरूका लागि आवास तथा सम्पर्क कार्यालयको निर्माण कार्य पनि सरकारले तीव्रताका साथ गरिरहेको छ ।

**अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार**

सरकारले अन्तर्राष्ट्रिय सम्बन्धलाई पनि विस्तार अगाडि बढाएको छ । सरकारले अहिले १२ वटा मुलुकसँग थप सम्बन्ध विकास गरेर १६८ देशसंग सम्बन्ध बढाएको छ । सरकारले थप १५ मुलुकसँग दुईपक्षीय परामर्शका संयन्त्र स्थापना गरेको छ । सरकारको अन्तर्राष्ट्रिय गतिविधिका कारणले नेपालसँग सम्बन्ध विस्तार र सुदृढीकरण गर्न अन्तर्राष्ट्रिय जगत्को अभिरुचि बढेको छ । प्रधानमन्त्री ओली स्वयं दुई दशकपछि बेलायत र फ्रान्सको भ्रमण गर्नुभएको छ ।

परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीले १७ वर्षपछि अमेरिका र १४ वर्षपछि रुस भ्रमण गर्नुभएको छ । चीनका राष्ट्रपति सी चिनफिङको २३ वर्षपछि नेपाल भ्रमण भएको छ । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको एउटै कार्यकालमा चार पटक नेपाल भ्रमण भएको छ ।

## *मुस्लिमहरुको ...*

निर्देशन आएको र सोही अनुसार आफुले पहल गरेको बताए ।

अहिले कार्यक्रम स्थलमा कुनै अप्रिय घटना हुन नदिन नेपाल र सशस्त्र प्रहरीका गरी ५ सय भन्दा बढी सुरक्षाकर्मी परिचालन गरिएको छ । कार्यक्रम स्थलमा २१ लाख ६० हजार स्क्वायर फिटको पण्डाल निर्माण गरिएको छ । कार्यक्रममा प्रमुख अतिथि एवं प्रमुख प्रवचनकर्ता भारतको दिल्लीस्थित मर्कट जाने मस्जिदका मौलाना मो. साद पनि पुगि सकेका छन् ।

यसका साथै नेपाल तथा भारतका विभिन्न शहरका मौलाना तथा मुस्लिम समुदायका अगुवा गरी शुक्रबार साँझ सम्ममा ५० हजार भन्दा बढी मुस्लिम धर्मावलम्बीहरु यहाँ आई पुगेका छन् ।

## विश्व समाचार

## पेरुको टयाङ्कर दुर्घटनामा मृत्यु हुनेको संख्या ३० पुग्यो

लिमा, २ फागुन (रासस/एएफपी) ।

पेरुको लिमामा गत महिना भएको ग्यास टयाङ्कर बिस्फोटबाट मृत्यु हुनेको सङ्ख्या ३० जना पुगेको स्वास्थ्य मन्त्रालयले जनाएको छ । गत जनवरी २३ मा करिब १० हजार लिटर एलपिजी ग्यास बोकेको टयाङ्कर बिस्फोट भएको थियो । शुरुमा दुई जना मात्र उक्त दुर्घटनामा मारिएका र ५० जना घाइते भएका थिए, तर अधिकाँश व्यक्तिका शरीर जलेका कारण मृत्यु हुनेको सङ्ख्या बढेको मन्त्रालयले जनाएको छ । तीव्र गतिमा दौडेको टयाङ्कर सडकका खाल्डाखुल्डीमा परेर ग्यास चुहिएको अनुसन्धानकर्ताले बताएका छन् । बिस्फोटबाट भिल्ला एल साल्भाडोर जिल्लाका सडक किनाराका धेरैवटा घर र सवारी साधनमा क्षति पुगेको थियो । सरकारी वकीलले टयाङ्कर चालक ७४ वर्षीय लुइस गुजमानमाथि कारबाही चलाउन मुद्दा दर्ता गरिसकेका छन् ।

## लिबियाको तेल निर्यातमा अवरोधले एक अर्ब ४० करोड डलर घाटा

त्रिपोली, २ फागुन (रासस/सिन्ह्वा) ।

लिबियाको सरकारी तेल कम्पनी लिबियाली नेसनल आयल कर्पोरेसन (एनओसी)ले तेलकुवा र बन्दरगाह अवरोध गरिएका कारण तेल निकासीमा कमी आएको जनाएको छ । पछिल्ला केही महिनाभित्रै एनओसीलाई एक अर्ब ४० करोड डलर नोक्सानी भइसकेको छ । मुलुकको दैनिक तेल उत्पादनमा कमी आएर प्रतिदिन एक लाख ६३ हजार ६८४ ब्यारेल पुगेको छ । लिबिया र लिबियाली जनताका लागि तेल निर्यातमा देखिएका सबै किसिमका अवरोध हटाउन एनओसीले आग्रह गरेको छ ।

पूर्वीलिबियाका आदिवासी नेताहरुले हालै मात्र तेल निर्यात हुने प्रमुख बन्दरगाह बन्द गरिदिएका छन् । उनीहरुले राष्ट्रसङ्घको समर्थनप्राप्त लिबियाली सरकारले पूर्वीक्षेत्रमा तैनाथ सैनिक विरुद्ध लड्न सशस्त्र समूहलाई तेलबाट आर्जित आम्दानी खर्च भइरहेको आरोप लगाएका छन् । संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्ले गत मङ्गलबार मात्र लिबियाबाट उत्पादित कच्चा र प्रशोधित पेट्रोलियमको गैरकानुनी निकासी रोक्ने सम्बन्धी एक प्रस्ताव पारित गरेको थियो । यो प्रतिबन्ध आगामी सन् २०२१ को अप्रिल ३० सम्म लागू हुनेछ । सन् २०११ मा नेता मौमार गद्दाफीको पतन भएसँगै लिबियामा हिंसा बढ्नुका साथै राजनीतिक अस्थिरताले मुलुक आक्रान्त छ ।

## नाइजेरियामा ‘लासा’ ज्वरोबाट ७० को मृत्यु

अबुजा, २ फागुन (रासस/सिन्ह्वा) ।

नाइजेरियामा ‘लासा’ नाम दिइएको ज्वरोबाट मृत्यु हुने व्यक्तिको सङ्ख्या कम्तीमा पनि ७० पुगेको यहाँका स्वास्थ्य अधिकारीहरुले जानकारी दिएका छन् । उनीहरुका अनुसार नाइजेरियाको रोग नियन्त्रण केन्द्रले यो ज्वरोबाट ज्यान जानेको सङ्ख्या थप बढ्न सक्ने जनाएको छ । यहाँ उक्त ज्वरोको प्रकोप प्रतिदिन बढ्दो मात्रामा रहेको पनि बताइएको छ ।

यस ज्वरोबाट सङ्क्रमित भएर अस्पताल भर्ना भएका व्यक्तिको सङ्ख्या ४७२ जना रहेको छ । यसबाट यहाँको जनघनत्व बढी भएको यस अफ्रिकन देश नाइजेरियामा धेरै नागरिक प्रभावित भएको पाइएको समाचारमा जनाइएको छ । यस ज्वरोबाट देशका ३६ मध्येका कम्तीमा पनि २३ वटा प्रान्तका नागरिक प्रभावित भएको पाइएको अधिकारीलेहरुले जानकारी दिएका छन् । देशको दक्षिण भागमा पर्ने इबोन्यी, इदो र ओदो प्रान्तका व्यक्ति यस ज्वरोबाट बढी प्रभावित भएका जनाइएको छ ।

## इजरायतर्फबाट भएको क्षेप्यास्त्र आक्रमणमा सात मारिए

बेरुत, २ फागुन (रासस/एएफपी) ।

इजरायली क्षेत्रबाट त्यहाँका सेनाले गरेको एक क्षेप्यास्त्र आक्रमणमा परी दमासकसनजिकै तीन सिरियाली र चार इरानी लडाकू मारिएका सिरियाली युद्धलाई अनुगमन गरिरहेको एक मानव अधिकारी समूहले जनाएको छ । ‘सिरियन अब्जरभेटरी फर ह्युमन राइट्स’ले दमासकस एयरपोर्ट क्षेत्रमा भएको सो आक्रमणमा परी कम्तीमा तीन सिरियाली सैनिक र इरानको क्रान्तिकारी गार्डका चार सदस्यको मृत्यु भएको जनाइएको छ ।

सिरियामा सन् २०११को मार्चमहिनाबाट त्यहाँका राष्ट्रपति बसर अल असदको राजिनामाको माग गर्दै शुरु भएको जनआन्दोलन केही महिनापछि गृहयुद्धमा परिणत भयो । यस गृहयुद्धको क्रममा अल कायदा र इस्लामिक स्टेट्स जस्ता आतङ्ककारी समूहहरु हावी हुँदै गयो । सो सयमदेखि हालमा यस युद्धमा परी करिब चार लाख व्यक्तिको मृत्यु भएको छ भने लाखौंको सङ्ख्यामा व्यक्ति घाइते भएका छन् । लाखौं व्यक्ति आफ्नो देश र विदेशमा शरणार्थी बन्न बाध्य भएका छन् । देश कमजोर भएको यस अवस्थामा छिमेकमा पर्ने देश टर्की र इजरायलगायतले बारम्बार आक्रमण गरेको पाइन्छ ।

# सिरहामा दुई हजार छोरीको बीमा

लहान, २ फागुन (रासस)।

प्रदेश नं २ सरकारले सञ्चालन गरेको 'बेटी पढाउ बेटी बचाउ' कार्यक्रमअन्तर्गत सञ्चालित छोरी शिक्षा बीमा शिविर सिरहा जिल्लामा प्रभावकारी बन्दै गएको छ।

छोरा र छोरीबीचको विभेदलाई अन्त्य गर्दै छोरीको पनि शिक्षामा पहुँच अभिवृद्धि गर्ने उद्देश्यका साथ सञ्चालित 'बेटी पढाउ बेटी बचाउ' कार्यक्रमलाई प्रभावकारी बनाउन प्रदेशका आठै जिल्लामा अहिले छोरी शिक्षा बीमा शिविर सञ्चालन भइरहेको छ। सिरहाका १७ स्थानीय तहमध्ये शुक्रबारसम्म ११ स्थानीय तहमा सम्पन्न छोरी शिक्षा बीमा शिविरमा दुई हजार ४०३ छोरीको बीमा गरिसकिएको जनाइएको छ।

सिरहा नगरपालिकामा सबैभन्दा बढी ४९० र सबैभन्दा कम विष्णुपुर गाउँपालिकामा ९० छोरीको बीमा गरिएको सामाजिक सुरक्षा सिरहा जिल्ला संयोजक टीकाराम विश्वकर्माले जानकारी दिनुभयो। सो नगरपालिकामा ४९०, कल्याणपुर नगरपालिकामा १९७, कर्जन्हा नगरपालिकामा २२९, नरहा गाउँपालिकामा ९३ र अर्नमा गाउँपालिकामा १२० छोरीको बीमा गरिएको छ।

यस्तै सिरहाको गोलबजार नगरपालिकामा ३८४, धनगढीमाई नगरपालिकामा २९४, बरियारपट्टी गाउँपालिकामा १५४, औरही गाउँपालिकामा १४२ गरी २०७५ माघ १ देखि जन्मिएका दुई हजार ४०३ छोरीको बीमा गरिएको संयोजक विश्वकर्माले बताउनुभयो। विसं २०७५ माघ १ गतेयता जन्मिएका छोरीलाई प्रदेश सरकारले शिक्षा बीमा गरिदिने घोषणा गरेअनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाटै अभियान सञ्चालन गरिए पनि कर्मचारी अभावमा प्रभावकारी हुन नसकेपछि स्थानीय तहमै पुगेर छोरीको बीमा गर्ने उद्देश्यका साथ शिविरमार्फत बीमा कार्यक्रमलाई अगाडि बढाइएको छ।

छोरीको बीमाका लागि आवश्यक जन्मदर्ता, स्थानीय तहको सिफारिस, आमा वा बुबामध्ये एकको नागरिकता र छोरी तथा अभिभावकका ६/६ थान फोटो आवश्यक रहेको हुँदा प्रदेश सरकारले शिविरमार्फत सबै प्रक्रिया पूरा गर्ने गरी आवश्यक प्रबन्ध मिलाएको छ। उक्त शिविरमा प्रभु बैंकका प्रतिनिधि, स्थानीय तहका जनप्रतिनिधि तथा वडा सचिव, फोटोग्राफर एवं मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रतिनिधिको अनिवार्य उपस्थिति रहने गरेको छ।

विसं २०७५ माघ १ पछि जन्मेका छोरीको रु एक लाखको शिक्षा बीमा गर्ने घोषणा गरेको प्रदेश सरकारले त्यो रकमलाई वृद्धि गरी यो वर्ष रु तीन लाख पुर्‍याएको छ। शुरुमा २०७५ माघ १ गतेपछि प्रदेशमा जन्मिएका छोरी रु एक लाखको बीमा मात्रै थियो, तर यो वर्षदेखि त्यसलाई बढाएर रु तीन लाख पुर्‍याइएको मुख्यमन्त्रीका प्रेस सल्लाहकार आतेश मिश्रले जानकारी दिनुभयो। छोरी शिक्षा बीमाअन्तर्गत हालसम्म प्रदेश नं २ मा करीब १५ हजार छोरीको बीमा प्रदेश सरकारले गरिसकेको छ।

# अन्तर विद्यालय क्रिकेटमा बोरिया स्कुलका दुई खेलाडीको शतक

**चन्दन यादव**

**राजविराज, २ फागुन।**

क्रिकेट विकास प्रतिष्ठानद्वारा संचालित जिल्ला स्तरीय अन्तर विद्यालय टि-२० क्रिकेट प्रतियोगिताको उद्घाटन खेलमा नरेन्द्र मेमोरियल मावि बोरियाले गौतम शिशु सदनलाई १ सय ७० रनको फराकिलो अन्तरले पराजित गर्दै विजयी शुरुवात गरेको छ।

शुक्रवार प्रतिष्ठानद्वारा राजविराजस्थित रंगशालामा सुरु भएको प्रतियोगितामा टस जितेर नरेन्द्र मेमोरियल मावि बोरीयाले ब्याटिङ्ग गर्दै निर्धारित २० ओभरमा दुई विकेटको क्षतिमा दुई सय ६५ रनको विशाल योगफल खडा गरेको थियो।

जसमा बोरियाका रबिन्द्र यादव र अखिलेश यादवले विष्फोटक ब्याटिङ्ग गर्दै दुबैले शतक प्रहार गरेका छन्। रविन्द्र यादवले ६५ बलको सामना गर्दै १६ चौका र २ छक्काको मद्दतले अविजित १ सय ६ रन जोडेका थिए भने अखिलेश यादवले ३८ बलको सामना गर्दै १८ चौका र ३ छक्का प्रहार गर्दै अविजित १ सय २ रन बनाएका थिए। त्यस्तै सुरज दासले १६ रन जोडेका थिए। यता बलिङ्ग तर्फ शिशु सदनका सुजल श्रेष्ठ र मनु दासले १ विकेट हात पारेका थिए।




म्यान अफ द म्याचको पुरस्कार बितरण गर्दै राजबिराज नगरपालिका वडा नं. १६ का अध्यक्ष बुचाई दास तथा प्रतिष्ठानका अध्यक्ष ई ईन्द्र नारायण देव। *तस्बिर : राजविराज दैनिक*

जवाफमा गौतम शिशु सदनले १६.५ ओभरमा सबै विकेट गुमाई ९९ रन मात्र जोड्न सक्यो। जसमा सुजल श्रेष्ठ २३ रन सिद्धार्थ परियार र ओम श्रेष्ठले समानिय १७/१७ रन जोड्नु बाहेक अरु खेलाडीले दोहोरो रन पार गर्न सकेन। शिशु सदनका खेलाडीलाई सस्तैमा आउट गर्न रबिन्द्र यादव र पवन मण्डल समान ३/३ विकेट तथा अमन चौधरी २ विकेट, अशोक यादव १ विकेट हात पारेका थिए।

उक्त अवसरमा राजविराज वडा नं. १६ बोरियाका अध्यक्ष बुचाई दासले खेलको म्यान अफ द म्याच विजयी टिमका रबिन्द्र यादवलाई पुरस्कार प्रदान गरेका थिए।

यसअघि प्रतियोगिताको प्रमुख अतिथि जिल्ला समन्वय समितिका प्रमुख प्रभाकर यादवले ब्याटिङ्ग तथा प्रिन्सिपल विजयानन्द झाले बलिङ्ग गरी उद्घाटन गरेका थिए। आयोजक समितिका अध्यक्ष ई. ईन्द्र नारायण देवको अध्यक्षतामा आयोजित उदघाटन समारोहमा नागरिक समाज सप्तरीका अध्यक्ष थानसिंह भंसाली, बरिष्ठ पत्रकार शिवहरी भट्टराई, प्रिन्सिपल कमानन्द देव, क्रिकेट संघ सप्तरीका सचिव चन्दन यादव लगायतले बोल्दै खेलाडीहरुले आफुलाई राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरमा चिनाउने गरी खेल्नुपर्ने सुझाएका थिए।

फागुन १० गते सम्म चल्ने प्रतियोगितामा जिल्लाका १८ वटा सामुदायिक तथा निजी विद्यालयको सहभागीता रहेको छ। प्रतियोगिताको माध्यमबाट विद्यालयहरुमा लुकेर बसेको प्रतिभालाई उजागर गर्ने उद्देश्यले क्रिकेट विकास प्रतिष्ठान सप्तरीको आयोजनामा पहिलो पटक उक्त प्रतियोगिताको आयोजना गरिएको हो।

# एक सय ८४ पुल समस्याग्रस्त

काठमाडौँ, २ फागुन (रासस)।

देशभर निर्माणाधीन पुलमध्ये १८४ पुल समस्याग्रस्त बनेका छन्। रणनीतिक सडकभन्दा स्थानीय पुलमा समस्या बढी भएको जनाइको छ।

निर्माण व्यवसायीकै कारण पुल निर्माणमा सबैभन्दा बढी ढिलाइ हुने गरेको सडक विभागले जनाएको छ। स्थानीय सडकमा १२८, रणनीतिक सडकमा ४३ पुलमा समस्या देखिएको छ। कहिलेकाहीँ प्रक्रियागत तथा मौसमलगायतका कारण निर्माणमा ढिलाइ हुने गरेको सडक विभाग, पुल महाशाखाले जनाएको छ। निर्माणाधीन पुलमध्ये ९६ पुल निर्माण व्यवसायीका कारण ढिलाइ भइरहेको छ। तीमध्ये कतिपयलाई कारवाहीको प्रक्रिया शुरु भइसकेको त कतिको शुरु गर्ने चरणमा रहेको महाशाखाका प्रमुख दीपक भट्टराईले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "निर्माण व्यवसायीले गलत मनसायले ढिलाइ गर्दा कारवाही हुने भए पनि अरु समस्याका कारण ढिलाइ हुँदा अवधि थप गर्दै आइएको छ।"

राष्ट्रिय गौरवका आयोजनाका रुपमा रहेका सडक आयोजनाअन्तर्गतका पुलमा पनि समस्या देखिएको छ। हुलाकी राजमार्गमा नौ पुलमा समस्या देखिएको छ। ६० सडक पुल निर्माणाधीन छन्। मध्यपहाडी लोकमार्गमा अहिले १५ पुल निर्माण अघि बढेको छ। तीमध्ये चार पुल निर्माण व्यवसायीका कारण अघि बढ्न सकिरहेको छैन।

रणनीतिक सडकमा १४० तथा स्थानीय सडकमा ५०० पुलको निर्माण अघि बढेको छ। स्थानीय पुल ६४ र रणनीतिक पुल तीन वटाको डिजाइन सम्पन्न भइसकेको जनाइएको छ।


## दादुरा रुवेला खोप अभियान

**दादुरा रुवेला खोप लगाऔं। आ-आफ्नो बालबालिकाहरुलाई दादुरा रुबेला रोगबाट बचाऔं।**

यही फाल्गुन १ गतेदेखि नगरपालिका/गाउँपालिकाको सबै वडाहरुमा दादुरा रुवेला खोप अभियान संचालन हुदैछ। यस अभियानमा **९ महिना देखि ५ वर्ष मुनिका** सम्पूर्ण बालबालिकालाई दादुरा रुवेला रोग विरुद्धको खोप लगाइन्छ। आ-आफ्नो बालबालिकालाई नजिकैको खोप केन्द्रमा लगेर दादुरा रुवेला खोप लगाउन हुन अनुरोध छ। साथै जन्मदेखि **५ वर्ष मुनिका** बालबालिकाहरुलाई पोलियो थोपा समेत खुवाऔं।

**दादुरा रुवेला खोप अभियान संचालन हुने चरण र मिति**

**पहिलो चरण**

**(२०७६ फाल्गुन १ गतेदेखि २०७६ फाल्गुन ९ गतेसम्म)**

राजविराज नगरपालिका, कञ्चनरुप नगरपालिका, हनुमाननगर कंकालिनी नगरपालिका, महादेवा गाउँपालिका, सप्तकोशी नगरपालिका, तिरहुत गाउँपालिका र तिलाठी कोइलाडी गाउँपालिका

**दोश्रो चरण**

**(२०७६ फाल्गुन ११ गतेदेखि २०७६ फाल्गुन १९ गतेसम्म)**

डाक्नेश्वरी नगरपालिका, राजगढ गाउँपालिका, छिन्नमस्ता गाउँपालिका र विष्णुपुर गाउँपालिकामा

**तेश्रो चरण**

**(२०७६ फाल्गुन २१ गतेदेखि २०७६ फाल्गुन २९ गतेसम्म)**

बोदेवर्साइन नगरपालिका, खडक नगरपालिका, शम्भुनाथ नगरपालिका, सुरुङ्गा नगरपालिका, अग्निसाईर कृष्णासवरण गाउँपालिका, बलान विहुल गाउँपालिका र रुपनी गाउँपालिका

**जिल्ला खोप समन्वय समिति**
**स्वास्थ्य कार्यालय, सप्तरी**


# कोरोना भाइरसबाट मृत्यु हुनेको संख्या करिब एक हजार ४ सय

बेइजिङ, २ फागुन (रासस/एएफपी)।

चीनको हुबेइ प्रान्तको उहानबाट शुरु भएको कोरोनाभाइरसबाट सङ्क्रमित भई ज्यान गुमाउनेको संङ्ख्या करिब एक हजार ४०० पुगेको शुक्रबार प्राप्त एक समाचारमा जनाइएको छ।

शुक्रबार चीनको भाइरस महामारीको कारण मर्नेको संख्या एक हजार ३८० पुगेपछि अमेरिकाले बेइजिङबाट पारदर्शिताको अभाव भएको गुनासो गरेको छ।

हुबेइ प्रान्तको उहानबाट गत वर्षको अन्त्यतिरबाट यसको सङ्क्रमण शुरु भएको यो भाइरसबाट हुने सङ्क्रमणलाई हालैमात्र वैज्ञानिकले 'कोभिड-१९' नाम दिएका छन्।

प्रतिदिन यस रोगको प्रकोप फैलिएसँगै एकै दिनमा मृत्यु हुनेको सङ्ख्यामा पनि वृद्धि भइरहेको छ। पछिल्ला केही दिनमा नयाँ सङ्क्रमण भएका मानिसको सङ्ख्यामा ठूलो मात्रामा वृद्धि भएको बताइएको छ।

पछिल्लो समयमा निको भएर घर फर्किएका बाहेक हाल सङ्क्रण भइ उपचार गराइरहेका बिरामीको सङ्ख्या झन्डै ६५ हजार पुगेको छ।

यस सङ्क्रमणको उपचारका क्रममा कुनै कमी हुन नदिने चिनियाँ कम्युनिस्ट पार्टीले जनाएको छ। उक्त पार्टीले हुबेइ प्रान्तका सचिवलाई हटाएको बताएको छ।

स्वास्थ्य अधिकारीले दिएको जानकारीअनुसार हाल चीनमा सङ्क्रमित भएका बिरामीमध्ये करिब ८० प्रतिशत हुबेइ प्रान्तका मात्र रहेको नयाँ तथ्य पनि पत्ता लागेको बताइएको छ।

उता विश्व स्वास्थ्य सङ्गठनले भने चीनमा देखापरेको उक्त प्रकोपलाई अति सावधानीपूर्वक लिनुपर्ने धारणा राखेको छ। जेनेभामा आयोजित एक कार्यक्रममा उक्त सङ्गठनका प्रमुख टेड्रोस एड्हानोम गेहब्रेयससले यसबारे भ्रम फैलाउँदा त्यसले प्रकोप न्यूनीकरणमा असर पर्ने भन्दै यस प्रकोपलाई अति सावधानीपूर्वक लिनुपर्ने बताउनुभएको थियो।


देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।

हाम्रो सेवाहरु

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Money Transfer Made Easy
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money — a CHAUDHARY GROUP initiative

**नेपाल सहकारी संस्था लि.**

राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*